स्वच्छ समृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका इलाम
# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिमको स्वतः प्रकाशन विवरण

**२०७९।१।५ मा अद्यावधिक**

प्रमुख : श्री महेश बस्नेत
९८५२६८५०६०, ९८५२६८०२७३
maheshbasnet707@gmail.com
उपप्रमुख : श्री सुशीला नेम्वाङ्ग
९८५२६८५०६१,
sushilanembang1@gmail.com,

प्रमुख प्रशासकीय अधिकृत : श्री कालीबहादुर भुजेल
९८५२६२४१११, ९८५११२३४३२
kalibahadur98511@gmail.com

सूचना अधिकारी : प्रशासकीय अधिकृत श्री रामकुमार शाह,
९८५२६३५०५७ , ९८४२६३५०५७
ramshah.257@gmail.com

**इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**
**इलाम**
**०२७ ५२००६५, ०२७ ५२००६०, ०२७ ५२००३०, ०२७ ५२००३१**
**www.ilammun.gov.np**
**mun.ilam@gmail.com**


स्रोत नक्सा
इलाम नगरपालिका, इलाम
उत्तर
जौबारी
तेर्से
कात्तिके
जल्केनी
बाघखोर
पुवामझुवा
चुलीगाँउ
काके
रक्से
नेपालटार
मलाते
चाँपगैरी
तालगाँउ
सुम्बेक
धारापानी
अधिकारी गाँउ
ओखे
कोलबोटे
माईजोगमाई न.पा.
बिब्लाटे
देउमाई न.पा.
पुवाखोला
घोस
चुरेघाँटी
माई खोला
बालनगाँउ
महभीर
लप्सीबोटे
साजबोटे
तिल्केनीमोड
जोगमाई खोला
सेटक्रे खोला
खाल्टे
ठूलो साङरुम्बा
घट्टभञ्ज्याङ
अधेँरीबेंशी
जौबारी भञ्ज्याङ
राते खोला
केउरेनी
सेतुवाबेंसी
लाङरुप्पा
टोड्के झरना
भाङटार
निन्दाखु
करफोक खोला
सूर्योदय न.पा.
सिर्कोट
बेलासे
संकेत
मुख्य बस्ती
स्वास्थ्य संस्था
पुल
कृषिसेवा कार्यालय
पशुसेवा कार्यालय
रेञ्जपोष्ट
पर्यटकीय स्थल
टेलिफोन टावर
सहायक सडक
मेची राजमार्ग
खोला
माई न.पा.
स्केल
१: १६००००
० २ ४ ६ ८
किलोमिटर
आधारनक्सा स्रोत : टोपोग्राफिकल नक्सा, नापी विभाग ।
नक्सांकन : जिल्ला समन्वय समिति, इलाम ।


Ilam Municipality
N
Legend
IlamMunicipalityNew
WNO, Population, AREA
1, 4045, 20.53
2, 2563, 15.25
3, 2927, 21.27
4, 3008, 9.24
5, 5101, 14.32
6, 3821, 4.53
7, 5132, 1.03
8, 3922, 9.78
9, 5758, 11.28
10, 4978, 21.83
11, 3616, 25.82
12, 3665, 17.77
Puwamajhuwa (1-9)
3
Sakhejung (1-9)
1
Barbote (4,5), Maipokhari(1-3)
4
Sumbek (1-9)
2
5
Barbote(1-3,6-9)
6
7
8
Sangrumba (1-6)
12
9
10 Godak (1-9)
Soyak (1-9), Siddhithumka 7
11
Total Population: 48536
Total Area: 172.69 Sq KM
Prepared By: Ranjan Dahal
ICTV Ilam Municipality
0 1 2 4 Kilometers

**स्थानीय तहको स्वरूप र प्रकृति,**
**नगरपालिका**

परिचय

- स्थानीय नेतृत्वको विकास गरी जनताको दैनिक आवश्यकता जन जनजीवनलाई असर पार्ने विषयहरूमा निर्णय गर्न सक्ने गरी स्थानीय स्वायत्त शासन पद्धतिको विकासको लागि स्थानीय निकायहरूको गठन हुने प्रावधान अनुसार स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार स्थानीय निकायको रूपमा नगरपालिकाको व्यवस्था भएकोमा नेपालको संविधानमा स्थानीय तहको संबैधानिक व्यवस्था भएपश्चात साविकका स्थानीय निकायहरु स्थानीय तहमा रुपान्तरण भई स्थानीय सरकारको रुपमा स्थापित छन् ।
- नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तह बिचको सहकारित, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरुको समानुपातिक समावेश र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न, स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत अभ्यासलाइ संस्थागत गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ जारी भएको छ ।
- स्थानीय तहका रूपमा नगरपालिकाले विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरूको उपभोग गर्न सक्ने व्यवस्था गर्ने, आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने, योजनाहरूको तर्जुमा र सञ्चालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानीयस्तरमा नै प्रदान गरी जवाफदेही बहन गर्न सक्ने स्थानीय तहहरूको संस्थागत विकास गर्ने कार्यलाई अगाडि बढाउँछ ।
- विकेन्दीकरण भनेको अधिकारको निक्षेपण हो, विकेन्द्रीकरणको अर्को रुपमा संघीयता हो र संघीयता स्थानीय आवश्यकतामा आधारित हुन्छ । संघीयतालाई संस्थागत गरी लोकतन्त्र, विकास र मानव अधिकारको प्रत्याभूत गर्न स्थानीय सरकारको विशेष भूमिका रहन्छ ।
- इलाम नगरपालिका, नेपालको १ नं. प्रदेशअन्तर्गत पहाडी क्षेत्रको एक नगरपालिकाको रूपमा वि.सं. २०१५ सालदेखि नै स्थापित रहेको छ ।

**नगरपालिकाको स्वरूप**

- नगर सभा – प्रमुख, उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्य, वडा सदस्य
- नगर कार्यपालिका – प्रमुख, उपप्रमुख, वडाध्यक्ष, नगर कार्यपालिका सदस्य
- नगर प्रमुख

**इलाम नगरपालिकाको छोटो परिचय**

- इलाम जिल्ला, निर्वाचन क्षेत्र नं. ३, इलाका नं. १, पहाडी भेगमा स्थापित इलाम नगरपालिका बि.सं. १८७५ मा सदरमुकाम तथा गौडा हुँदै बि.सं. २०१५ नगरपालिका, बि .सं. २०१९ नगर पंचायत, बि.सं. २०४७ मा पुनः नगरपालिका भएको हो ।
- राज्य पुनरसंरचनाको क्रममा गाउँपालिका तथा नगरपालिकाको पुनरसंरचना हुँदा २०७३ फागुनदेखि इलाम नगरपालिकाको क्षेत्र विस्तार भएको छ । साविकमा इलाम नगरपालिकाको क्षेत्रफल २७ वर्ग कि.मि. रहेकोमा हाल १७२.६९ वर्ग कि.मि पुगेको छ ।
- इलाम नगरपालिकाको वार्ड विभाजन १ देखि १२ सम्म छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कले पुनरसंरचित इलाम नगरपालिकाको जनसंख्या ४८५३६ ( महिला २५२३६ पुरुष २३६०६) र घरसंख्या ११४३९ देखाएको छ ।
- राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक तथ्याङ्कले इलाम नगरपालिकाको जनसंख्या ५०४५५ (महिला २५६७४ पुरुष २४७८१) , घरसंख्या ११९४३ परिवार संख्या १३३९५ देखाएको छ ।
- इलाम नगरपालिका एउटा पर्यटकीय नगरको रूपमा विकसित भएर गइरहेको र पर्यटकीय नगर हो ।
- यस क्षेत्रमा पर्यटकीय पूर्वाधारका लागि विमानस्थल, जैविक विविधताले युक्त विभिन्न पर्यटकीय स्थल, सभागृह र शैक्षिक संस्थाहरूको व्यवस्थापन कार्य तीब्रतर गतिमा भइरहेको छ
- आफ्नो क्षेत्रका नागरिकहरुको दैनिक तथा आवधिक आवश्यकता परिपूर्ति गर्ने स्थानीय सरकारको रुपमा सेवा प्रधान गदै आएको संस्था हो ।
- मुलुकमा विद्यमान् कानुनी प्रावधान अनुसार स्थापना भएको र स्थानीय सरकारले गर्नुपर्ने काम कर्तव्य र अधिकार प्रयोग गदै आएको निकाय हो ।
- नगरवासीहरूको आर्थिक, सामाजिक उन्नतिका लागि अग्रगामी दिशोन्मुख गराउने तर्फ लगाउने निकायको रूपमा प्रयासरत छ ।
- इलाम नगरपालिका नेपाल सरकारको आ.ब. ०६७।०६८ को बजेट, नीति तथा कार्यक्रममार्फत हरितनगर घोषणा गरिएको नगर हो । हरितनगरको रूपमा संसारभर इलामको पहिचान स्थापित हुँदै गइरहेको अवस्था छ ।
- इलाम नगरपालिकाको मिति २०७७।३।१० मा बसेको सातौ नगर सभाको विशेष निर्णयबाट इलाम नगरपालिकालाई पर्यटकीय नगर घोषणा गरिएको छ ।

## इलाम नगरपालिकाको नवौ नगर सभाबाट पारित नीति तथा कार्यक्रम

### आर्थिक विकास

- इलाममा उत्पादन हुने कृषि उत्पादनको व्यवसायीकरण तर्फ उन्मुख गराउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाईपालनमा अनुदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिदैं पशुपालनका क्षेत्रमा थप प्राविधिकसहित कार्यक्रम ल्याइनेछ ।
- माछापालन र मौरीपालनमा कृषकहरुलाई सहयोग गरिनेछ ।
- गरिवी निवारण तथा सामाजिक परिचालन कोषबाट सहकारी सस्थामार्फत कृषकहरुलाई ऋण सुविधा प्रवाह गरिनेछ ।
- कृषिलाई समृद्धिको प्रमुख आधार बनाउन एक वडा दस कृषि स्नातक उत्पादन नारालाई अगाडि बढाइनेछ ।

- कृषि प्रवर्दनका लागि सहभागितामुलक फलफुलका विरुवा, कृषि मल, वीउविजन कृषि औजार तथा उपकरण अनुदानको साथै सिंचाई कुलोको व्यवस्था गरिनेछ ।
- वडा वडामा व्यावसायिक नमुना कृषि फर्महरुलाइ प्रोत्साहित गरिनेछ ।
- नगरका मूख्य स्थानमा कृषि बजारको विस्तार तथा व्यवस्थापन गरिनेछ ।
- पर्यटन प्रबर्दन गर्न सम्भाव्य पर्यटकीस्थलहरुको सम्भाव्यता अध्ययन तथा आवश्यक पूर्वाधार निर्माणका योजना कार्यान्वयन गरिनेछ ।
- नगरमा पर्यटकीय स्थल तथा पार्कहरुको निर्माण तथा मर्मतसुधार गरिनेछ ।
- धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्दन गर्ने नीति अवलम्बन गरिनेछ ।
- पर्यटन प्रर्वदनका लागि इलाम नगरपालिका वडा नं. ६ सेती देवी देखि देउमाइ नगरपालिका वडा नं. ५ मा पुवा खोलामा झोलुङ्गे पुल तथा बञ्जी जम्पको निर्माण कार्य प्रारम्भ गरिने छ ।
- इलाम नगरपालिकालाई शालिकको सहरको रुपमा चिनाउनका लागि विभिन्न स्थानहरुमा मूर्ती तथा शालिकको स्थापना गरिनेछ ।
- पाटेनागी पर्यटकीय क्षेत्रको विकासका लागि संस्थागत रुपमा कार्यक्रम ल्याइनेछ ।
- इलाम नगरपालिकामा निर्माणाधिन फनपार्क निर्माण कार्य सम्पन्न गरी सञ्चालन गरिनेछ ।
- जिल्लाका छिमेकी स्थानीय तहहरुसँग पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन तथा विकासको लागि सहकार्य गरिने छ ।
- लगानी प्रबर्दनका लागि लगानीकर्तालाई छुट लगायत लगानी प्रवर्दनका कार्यक्रमलाई सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- उद्योग व्यवसाय सञ्चालनका लागि अल्पकालीन तथा मध्यकालीन तालिम दिने तथा पुँजी प्रवाह गरिनेछ ।
- पर्यटन विकासको लागि सार्वजनिक जमिन बहाल बिटौरीमा दिने नीति अवलम्बन गरिनेछ ।
- सहकारीहरुलाई कृयाशील तथा मजबुत बनाउने र सहकारी एकीकरण नीतिलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ
- भू-उपयोग नीतिलाई अवलम्बन गरिने छ, बाँझो जमिनमा खेती गर्न प्रोत्साहन गरिनेछ ।
- सार्वजनिक बाँझो जमीनमा सामुहिक तथा व्यक्तिगत रुपमा खेती गर्न प्रोत्साहन गरिने छ ।
- सार्वजनिक/सरकारी जमिनहरुको उचित संरक्षण र विकास गरिनेछ ।
- नगरपालिका भित्र रहेका जग्गाधनीहरुको जमिनको स्वामित्वमा वर्गीकरण गरिनेछ ।
- सुकुम्वासीहरुलाई जमिनको मालिक बनाउने कार्यका लागि आवश्यक सहयोग गरिनेछ ।
- भूउपयोग योजनाअनुसार खेती योग्य जमिनमा बस्ती विकासका कार्यलाई दुरुत्साहन गरिने छ ।
- इलाम नगरपालिकालाई जिल्ला कै व्यापारीक केन्द्रको रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ ।
- बजार अनुगमन प्रणालीलाई प्रभावकारी बनाउन श्रोत साधनको व्यवस्था गरिनेछ ।
- सार्वजनिक नीजि साझेदारी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- इलाम नगरपालिका वडा नं. ९ मा काले दमाई जनकदेव शाक्य साइन्स पार्कको निर्माण गरिने छ ।

## सामाजिक विकास

- जनसंख्याको सन्तुलनलाई कायम गर्ने नीति अवलम्वन गरिनेछ ।
- बसाइसरी आउनेलाई प्रोत्साहन तथा बसाईसरी जानेलाई निरुत्साहन गर्ने गरी आवश्यक कार्यक्रमहरु सन्चालनमा ल्याइनेछ ।
- स्थानीय भाषा तथा संस्कृति संरक्षणको नीति अवलम्वन गरिने छ ।
- भाषिक, सांस्कृतिक क्षेत्र तथा सम्पदाको संरक्षण गर्न सम्बद्ध संस्थामार्फत काम गरिनेछ ।
- १ वडा १ खेलकुद मैदानको निर्माण तथा सुधार कार्यलाई निरन्तरता दिइने छ ।
- जिल्लास्तरीय माइ भगवती रङ्गशाला निर्माण कार्यलाई निरन्तरता दिइनेछ भने अन्य खेलकुद पूर्वाधारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- खेलकुद कार्यक्रम आयोजना तथा सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- युवा स्वरोजगार तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनुका साथै युवा प्रतिभाहरुलाई प्रोत्साहित गरिनेछ ।
- समाजमा रहेका कुरिती कुसंस्कार तथा दुरव्यसनका विरुद्धमा युवालाई नै परिचालन गरि न्यूनीकरण गर्ने कार्यक्रम ल्याइनेछ ।
- लक्षित वर्गको उत्थानका लागि क्षमता विकास गर्न सीप मलक तथा आयमुलक कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।
- महिलाको क्षमता विकासका लागि उपप्रमुख महिला सीप विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- शिक्षाको गुणस्तर अभिबृद्धिको लागि अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- परिवर्तित नयाँ पाठ्यक्रम अनुसार शिक्षण प्रणाली व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- स्थानीय पाठ्यक्रमबमोजिम पठनपाठन कार्य प्रारम्भ गरिनेछ ।
- हाल फैलिएको महामारीबाट उत्पन्न भएको असरबाट शैक्षिक शत्रमा असर नपर्ने गरि शैक्षिक गतिविधि अघि बढाइनेछ ।
- १ वडा १ स्वास्थ्य संस्थाको नीति कार्यान्वयन गरी स्वास्थ्य संस्थाहरुलाई प्रभावकारी ढंगबाट सञ्चालन गरिनेछ ।
- स्वास्थ्य क्षेत्रको क्षमता बृद्धिका कार्यक्रम ल्याइनेछ ।
- स्वयमसेविकाको प्रोत्साहनका कार्यक्रम ल्याइनेछ।
- सुत्केरी सुविधा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य केन्द्रहरुमा पर्याप्त औषधि तथा उपकरणको व्यवस्थापन गरिनेछ ।
- इलाम जिल्ला अस्पतालको क्षमता विकासका लागि सहयोग साथै डायलोसिस सेवा सञ्चालन गरिनेछ ।
- इलाम सामुदायिक आँखा अस्पताल भवनको निर्माण सम्पन्न गरी सेवा सञ्चालन गरिनेछ ।
- इलाम सामुदायिक कृषि क्याम्पसको स्थापना तथा सञ्चालन गरिनेछ ।

- वडामा रहेका जेष्ठ नागरिक मिलन केन्द्रलाई व्यवस्थित गरिनेछ ।
- अपाङ्ग,अनाथ तथा बृद्धाबृद्धलाई संरक्षण तथा सहयोग गर्ने नीति ल्याइनेछ ।
- जेष्ठ दलित बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- कडारोगीलाई सहयोगको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- बालबालिकाको लागि विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- साना तथा घरेलु उद्योगहरुलाई नियमन तथा प्रोत्साहनको नीति अवलम्वन गरिनेछ ।
- हाल फैलिएको कोभिड १९ को महामारीको समयमा बस्तु तथा सेवाको आपूर्ती व्यवस्थामा सहजता ल्याइनेछ ।
- विशेष महामारीको रुपमा फैलिएको कोभिड-१९ नियन्त्रणका लागि सूचना सम्प्रेषण गरी सचेतना गर्ने कार्यक्रम ल्याईनेछ ।
- महामारीसँग जुध्न आवश्यक औषधि, उपकरण, जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- धार्मिक मठमन्दिर निर्माण सहयोग अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- नगरपालिकाबाट गठित ८ वटा समितिलाई अनुदान उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

## पूर्वाधार विकास

- नगरका निर्माणाधिन सडकहरुको पूर्णताका लागि आवश्यक कार्य गरिने छ भने सडकहरुको निर्माण तथा स्तरोन्नतीका लागि संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।
- सडक निर्माणमा लागत सहभागिताको नीतिलाई प्राथमिकतामा राखिनेछ ।
- वडा प्रशासकीय भवन, विद्यालय भवन तथा स्वास्थ्य भवनहरु निर्माण तथा सुधार गरिनेछ ।
- इलाम नगरपालिका वडा नं ९ मा रहेको नयाँ बसपार्क सञ्चालनमा ल्याउन पहल गरिनेछ ।
- भानुपथ बसपार्कमा निर्माणाधीन मुख्यमन्त्री बहुतले पार्किङ्ग भवनको निर्माण समयमै सम्पन्न गर्न सहयोग गरिनेछ
- एक घर एक धाराको सिद्धान्त अनुरुप इलाम नगर क्षेत्रमा खानेपानी आयोजना सञ्चालन गर्दै लगिनेछ ।
- साविक इलाम नगरपालिकाको खानेपानी आयोजनालाई पूर्णता गरि सञ्चालनको व्यवस्था गरिने छ भने नगरका अन्य वडामा समेत खानेपानीका योजना सञ्चालन गरिनेछ ।
- सिंचाईका योजनाहरु सञ्चालन गर्न साझेदारीको कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिंचाई कुलोको संख्या बृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।
- नगरमा रहेका पुराना सिंचाई तथा कुलोहरुको मर्मत गरिनेछ ।
- व्यवस्थित सहरीकरण र बसोबासको नीतिलाई अगाडि बढाइनेछ ।
- फुसको छानोरहित घर निर्माण तथा फुसको छानो हटाई व्यवस्थित गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।
- उपनगरहरुको अवधारणा अनुसार बसोबासलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।
- राष्टिय भवन संहिता र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम घर निर्माण प्रक्रिया लागू गराइनेछ ।
- नक्सापास बिना निर्माण गरिएका निजी तथा सार्वजनिक घर भवन लाई २०७८ कात्तिक मसान्तभित्र नक्सा पास गर्न म्याद दिइनेछ र सो म्यादभित्र नक्सापास गरेमा जरिवाना लिइने छैन ।
- बनी सकेका सरकारी भवनहरुलाई २०७८ कार्तिक मसान्तसम्म मात्र शुल्क मिनाहा गरी नक्सापास गरिदिने र त्यसबाहेकका सरकारी भवनहरुलाई पनि कानुनबमोजिम शुल्क लिएर मात्र नक्सापास गरिनेछ ।
- नक्सापास प्रक्रिया नगरी जबरजस्ती घर निर्माण गर्ने व्यक्ति संघ संस्थालाई सबै प्रकारको सेवा सुविधा रोक्का गरी कानुन बमोजिम कारवाही गर्ने नीति लिइनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन र फोहरमैला व्यवस्थापन

- सरसफाई क्षेत्रको विस्तार तथा फोहोरमैला व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्न विस्तृत परियोजना प्रस्तावबमोजिम निर्माण प्रारम्भ गरिनेछ ।
- नगरको ढल व्यवस्थापन तथा कम्पोष्ट प्लाण्टलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- नगर क्षेत्रमा वन विकासका लागि सामुदायिक वन दर्ता र सामुदायिक वनसँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सडक दायाँबायाँ तथा सार्वजनीक खाली जग्गामा बृक्षारोपण तथा विरुवाको संरक्षणका कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- वैज्ञानिक वन व्यवस्थापन प्रणाली अवलम्बन गर्दै वनलाई वालीको रुपमा विकास गर्ने नीति अवलम्वन गर्दै प्रोत्साहन गरिनेछ ।
- निजी वन लगाउने कार्यलाई प्रोत्साहित गरिनेछ।
- विपद व्यवस्थापनमा तत्काल राहत तथा पुनरस्थापनाका लागि कोषको व्यवस्थापन गरिनेछ ।
- नगर क्षेत्रमा विद्युत विस्तार तथा सौर्य बत्तिको व्यवस्थापन गरिने छ ।
- विपद व्यवस्थापन योजना तयार गरी वडागत रुपमा उद्धार तथा राहत सामग्रीको अभिलेख अद्यावधिक गरिनेछ ।
- वातावरणीय प्रदुषण नियन्त्रणका लागि वायु प्रदुषण मापनको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- माध्यमिक विद्यालयमा वातावरण सूचक क्रियाकलाप कार्यान्वयनको कार्य अनिवार्य गरिनेछ ।
- विपद् जोखिम क्षेत्रको पहिचान र नक्साङ्कनका लागि प्रतिवेदन तयार गरी जोखिम न्यूनीकरण कार्यक्रम गरिनेछ ।
- हरियाली क्षेत्र विस्तार तथा वातावरणीय सौन्दर्यका लागि समानीकरण अनुदानको बजेट खर्च गरिनेछ ।
- वातावरण सरक्षणका लागि गैसस तथा निजी क्षेत्रको सहभागिता अभिबृद्धिका लागि लागत सहभागिता कार्यक्रम गरिनेछ ।
- विपद व्यवस्थापनअन्तर्गत पूर्व तयारी प्रतिकार्य पुनर्लाभिका लागि आकस्मिक कोषमा पूँजीगत बजेट विनियोजन गरिनेछ ।

- एम्बुलेन्स दमकल जस्ता आकस्मिक सेवामा पहुँच अभिबृद्धिका लागि नगरका मोटरेवल सडक र नाली सफाइमा अन्य स्रोत समेत परिचालन गरिनेछ ।

## सुशासन तथा सस्थागत विकास

- नगरपालिकाद्धारा सञ्चालन भएका कार्यक्रमको अनुगमन मूल्याङ्कन प्रभावकारी रुपमा गरिनेछ ।
- न्यायिक समितिलाई प्रभावकारी तथा सवल वनाउन श्रोत साधनको व्यवस्थापन गरिनेछ ।
- प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- सहभागिता तथा श्रममा आधारित रोजगारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- नगरपालिकाको सूचना तथा तथ्याङ्क प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकाको सांगठनिक संरचना तालिका अनुसारका महाशाखा तथा शाखामा आवश्यकतानुसार करारसेवामार्फत जनशक्ति व्यवस्थापन गरिनेछ ।
- भूउपयोग योजनालाई प्रभावकारी बनाउन भूमि व्यवस्थापन शाखामा जनशक्ति तथा उपकरण थप गरिनेछ ।
- कर्मचारीको क्षमता विकास तथा बृत्ति विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- इलाम नगरपालिकामा प्रगतिशील कर प्रणालीलाई अवलम्वन गरिनेछ ।
- करको दरमा समायोजन गरी करको दायरा फराकिलो वनाइनेछ ।
- नगरमा कर असुलीका लागि सहज वातावरणको निर्माण गरिनेछ ।
- करदातालाई कर तिर्न प्रोत्साहन गरिने छ ।
- नगरका उत्कृष्ट करदातालाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।
- राजस्व अनुमानको ९० प्रतिशत भन्दा बढी प्रगति गर्ने वडालाई आगामी आ ब मा रु ५० हजार थप प्रशासनिक अनुदान दिइनेछ ।
- साझा हित र सरोकारका विषयमा आवश्यकतानुसार स्थानीय तह संयुक्त समिति गठन तथा सञ्चालन गरिनेछ ।
- चालु खर्चबाट समेत बजेट व्यवस्थापन गरी क्षमता विकास योजना तयार गरी कार्यान्वियन गरिनेछ ।
- नेपाल सरकारले लागू गरेको योगदानमा आधारित सामाजिक सुरक्षा योजना, सामाजिक सुरक्षा कोष र बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ
- लैगिक उत्तरदायी बजेट परीक्षण कार्यान्वयन तथा बेरुजु शून्य कार्यलाई प्रभावकारी गरिनेछ ।
- सुरक्षित आप्रवासनका लागि नगर प्रमुख सुरक्षित आप्रवासन आपतकालीन कोष निर्माण गरी सञ्चालन व्यवस्थापन गरिनेछ ।
- नगरपालिकाको सूचना प्रणालीलाई अनलाइन सेवाअन्तर्गत सञ्चालन गरी एकीकृत सूचना प्रणालीको विकास गरिनेछ ।
- दीगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि कार्ययोजना बनाई कार्यान्वियन गरिनेछ ।
- सेवाग्राहीहरुलाई अनलाइन सेवाबाट सेवा उपलब्ध गराउने प्रणाली विकास र सञ्चालन गरिनेछ ।
- नगरपालिकाको ४ वर्षे कार्यविवरणलाई पुस्तकाकारमा प्रकाशित गरिनेछ ।
- हालसम्म निर्माण भएका ऐन कानुनहरुको संग्रह प्रकाशन गरिनेछ ।

**नेपालको संविधान २०७२**
**अनुसूची-८**
**(धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२)**
**र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित)**
**स्थानीय तहको अधिकारको सूची**

| क.सं | विषयहरू |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ. एम सञ्चालन |
| ४ | स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, वि ज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८ | आधारभूत र माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२ | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गा धनी पुर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २० | विपद व्यवस्थापन |

२१ जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण
२२ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार नगरपालिकाको काम, कर्तव्य र अधिकार**

क. नगर प्रहरी

(१) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,

(२) देहायका कार्यमा सहयोग पुऱ्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः–

(क) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्र्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यपालिकाले तोकेको अन्य कार्य।

ख. सहकारी संस्था

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,

(२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,

(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,

(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,

(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,

(७) स्थानीय सहकारी क्षेत्रको प्रवद्र्धन, परिचालन र विकास ।

ग. एफ.एम. सञ्चालन

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,

(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, र्‍याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवद्र्धन,

(६) ढुगां, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुगां आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर संकलन

(७) प्रचलित कानुन बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन

(८) स्थानीय राजस्व प्रवद्र्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याकंको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सकंलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य।

ङ. स्थानीय सेवाको व्यवस्थापन

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सगंठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम सगंठन तथा व्यवस्थापन सर्वेक्षण गरी सगंठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवद्र्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

च. स्थानीय तथ्याकं र अभिलेख सकंलन

(१) स्थानीय तथ्याकं सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) आधारभूत तथ्याकं सङ्ढलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याकंको सकंलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याकं र अभिलेख सकंलन सम्बन्धी अन्य कार्य ।

छ. स्थानीयस्तरका विकास आयोजना तथा परियोजना

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,

(२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याकंन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याकंन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याकंन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको "घ" वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवद्र्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।

ज. आधारभूत र माध्यमिक शिक्षा

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याकंन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याकंन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साकंन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१७) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
(२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

झ. आधारभूत स्वास्थ्य र सरसफाई

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,
(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवद्र्धन,
(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
(८) रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन,
(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,
(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,
(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(२) बजार तथा हाट बजार व्यवस्थापन,
(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,
(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,
(७) स्थानीय व्यापारको तथ्याकं प्रणाली र अध्ययन अनुसन्धान,
(८) निजी तथा गैरसरकारी क्षेत्रसग समन्वय र सहकार्य,
(९) स्थानीय व्यापार प्रवद्र्धन, सहजीकरण र नियमन,
(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवद्र्धन र अभिलेखाकंन,
(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,
(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,
(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,
(१६) स्थानीयस्तरमा न्यून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य।

ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिचाइ

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुगें पूल, पुलेसा, सिँचाइ र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन ,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

ड. स्थानीय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैगिंक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याकं सकंलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।

ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य ।

ण. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवद्र्धन,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवद्र्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

<u>त. जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन</u>

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपा·ता पुनरुथापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनस्र्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

<u>थ. बेरोजगारको तथ्याकं सकंलन</u>

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्ढ सङ्ढलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सकंलन तथा सूचना व्यवस्थापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याकं सकंलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याकंको सकंलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) बेरोजगारको तथ्याकं सकंलन सम्बन्धी अन्य कार्य।

<u>द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण</u>

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(४) कृषि बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

(९) प्रागांरिक खेती तथा मलको प्रवद्र्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

<u>ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा</u>

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,

(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवद्र्धन,

(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य ।

न. विपद् व्यवस्थापन

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात् स्थानीयस्तरको पुनस्र्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याकं व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,

(२) पानी मुहानको संरक्षण,

(३) सामुदायिक भू–संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,

(४) भू–संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,

(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सकंलन,

(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वद्र्धनमा सहयोग,

(७) ढुगां, गिट्टी, बालुवा, माटो, तथा स्लेट जस्ता वस्तु सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,

(८) भौगर्भिक नक्सा प्रकाशन ।

फ. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातइभ्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवद्र्धन र विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) प्रचलित कानून बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।

(३) गाउँपालिका तथा नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (३) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

| ६ | ६ नं. वडा कार्यालय नारायणथान | इलाम | ८,९ | माधवप्रसाद भट्टराई | ९८६२६७१४९९ | हरि मगर | ९८२५९२२२९६ | कमला तिम्सिना | ९८६२६६५८२४ |
| ७ | ७ नं. वडा कार्यालय कुलधारा | इलाम | १,२ | नरेश श्रेष्ठ | ९८४२६२७६३९ | सीता खवास | ९८४२६३५२२९ | मन्दिरा श्रेष्ठ | ९८६२७५५६१९ |
| ८ | ८ नं. वडा कार्यालय एनसीडीसी | इलाम | ६,७ | होम बस्नेत | ९८५२६८०८१८ | तीला शर्मा | ९८४४६६६११८ | रबिन राया क्षेत्री | ९८५२६८१२७० |
| ९ | ९ नं वडा कार्यालय गोलाखर्क | इलाम | ३,४,५ | श्यामकृष्ण घिमिरे | ९८४२६३५०२० | अर्जुन थापा | ९८५२६८१८२८ | ललित चौहान | ९८४२६६६५३९ |
| १० | १० नं. वडा कार्यालय गोदक | गोदक | १–९ | रोमबहादुर लुङ्गेली | ९८४२७४८५१२ | खड्ग ब. बस्नेत | ९८४२६६०२८९<br>९८०६०५५१०१ | ललित याख्खा | ९८४४६५१४८ |
| ११ | ११ नं. वडा कार्यालय सोयाक | सोयाक<br>सिद्धिथुम्का | १–९<br>७ | रबिन एक्तेन | ९८५२६८१२२१ | रविन्द्र घिमिरे | ९८६२६७०२४४ | प्रेमनाथ अधिकारी | ९८४२७२१८१३ |
| १२ | १२ नं. वडा कार्यालय साङ्गरुम्वा | साङ्गरुम्वा | १–६ | लाखमान लिम्बु | ९८१५०४९१८२ | इन्द्रलाल घिमिरे | ९८४२७२७५६७ | दर्शन राई | ९८६३६८२२०६ |

**निर्णय गर्ने प्रक्रिया र अधिकारी**

- वार्षिक कार्यक्रम नगर सभा
- दैनिक सञ्चालनसम्बन्धी निर्णय – नगर कार्यपालिका
- अन्य दैनिक नियमित विकास निर्माण तथा नीतिगत कार्यहरू – नगर प्रमुख
- अन्य दैनिक नियमित प्रशासनिक कार्यहरू – प्रमुख प्रशासकीय अधिकृत

**निर्णय उपर उजुरी सुन्ने अधिकारी**

नगर प्रमुख श्री महेश बस्नेत, इलाम नगरपालिका
प्रमुख प्रशासकीय अधिकृत श्री कालीबहादुर भुजेल, इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

**सूचना अधिकारी र प्रमुखको नाम पद**

सूचना अधिकारी : श्री रामकुमार शाह, प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत : श्री कालीबहादुर भुजेल,
नगर प्रमुख : श्री महेश बस्नेत

**नेपालको संविधान बमोजिम २०७४।३।१४ गते सम्पन्न स्थानीय तहको दोस्रो चरणको निर्वाचनअन्तर्गत इलाम नगरपालिकाको निर्वाचतपश्चात इलाम नगरपालिकाबाट स्वीकृत ऐन, नियम, कार्यविधि, निर्देशिकाहरुको सूची**

**इलाम नगरपालिका, प्रथम नगरसभा (२०७४।५।२५ – २०७४।६।४) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०७४– २०७४।५।२७
२. इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७४ – २०७४।५।२७
३. इलाम नगरपालिका, सहकारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ – २०७४।५।३०
४. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ – २०७४।५।३०

**इलाम नगरपालिका, दोस्रो नगरसभा (२०७४।११।२७ – २०७४।११।२९) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, सहकारी ऐन, २०७४ – २०७४।११।२८ (इलाम नगरपालिकाको प्रथम नगर सभाबाट पारित सहकारी व्यवस्थापन तथा सञ्चालन ऐन, २०७४ खारेज भई नयाँ सहकारी ऐन, २०७४ जारी भएको)

२. इलाम नगरपालिका, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ – २०७४।११।२८
३. इलाम नगरपालिका, कर्मचारी व्यवस्थापन ऐन, २०७४ – २०७४।११।२८
४. इलाम नगरपालिका, कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ – २०७४।११।२८
५. इलाम नगरपालिका, बजार अनुगमन ऐन, २०७४– २०७४।११।२८
६. इलाम नगरपालिका, न्यायिक समिति (कार्यविधि नियमित गर्ने) ऐन, २०७४ – २०७४।११।२८
७ . इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७४ को दफा २ को उपदफा (१) को साविक अनुसूची–१ लाई संशोधन – २०७४।११।२९

**इलाम नगरपालिका, तेस्रो नगरसभा (२०७५।३।७ – २०७५।३।११) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, विपद् व्यवस्थापन ऐन, २०७४ – २०७५।३।८
२. इलाम नगरपालिका, कर तथा गैरकर लगाउने तथा उठाउने ऐन, २०७५ – २०७५।३।८
३. इलाम नगरपालिका, शिक्षा ऐन, २०७५ – २०७५।३।८
४.इलाम नगरपालिका, आर्थिक व्यवस्थापन ऐन, २०७५ – २०७५।३।११
५. इलाम नगरपालिका, आर्थिक विनियोजन ऐन, २०७५ – २०७५।३।११

**इलाम नगरपालिका, चौथो नगरसभा (२०७५।९।११ – २०७५।९।१२) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन ऐन, २०७५ – २०७५।९।१२
२. इलाम नगरपालिका, संस्थाको अभिलेख व्यवस्थापन ऐन, २०७५ – २०७५।९।१२
३. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा संचालन ऐन, २०७४ मा संशोधन – २०७५।९।१२

**इलाम नगरपालिका, पाँचौ नगरसभा (२०७६।३।९ – २०७६।३।११) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, संघसंस्था ऐन, २०७६ – २०७६।३।१०
२. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७६ – २०७६।३।१०
३. इलाम नगरपालिका, विनियोजन ऐन, २०७६ – २०७६।३।१०
४. इलाम नगरपालिका, स्वास्थ्य तथा सरसफाइ ऐन, २०७६ – २०७६।३।११
५. इलाम नगरपालिका, पूर्वाधार विकास सम्बन्धी ऐन, २०७६ –२०७६।३।१२
६. इलाम नगरपालिका, लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन ऐन, २०७६ – २०७६।३।१२

**इलाम नगरपालिका, छैटौ नगरसभा (२०७६।११।८ – २०७६।११।११) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, इलाम नगरकार्यपालिकाको कर्मचारी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७६ – २०७६।११।८
२. इलाम नगरपालिका, सार्वजनिक निजी साझेदारी लगानी व्यवस्थापन तथा सञ्चालन (दोस्रो संशोधन) ऐन, २०७६ – २०७६।११।८
३. इलाम नगरपालिका, विनियोजन (पहिलो संशोधन) ऐन, २०७६ – २०७६।११।११
४. इलाम नगरपालिका, आर्थिक (पहिलो संशोधन) ऐन, २०७६ – २०७६।११।११

**इलाम नगरपालिका, सातौ नगरसभा (२०७७।३।९ – २०७७।३।१०) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७७ – २०७७।३।१०
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०७७ – २०७७।३।१०
३. इलाम नगरपालिका कर्मचारी व्यवस्थापन (दोस्रो संशोधन) ऐन, २०७७ – २०७७।३।१०

**इलाम नगरपालिका, विशेष नगरसभा (२०७७।६।१८) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ – २०७७।६।१८

**इलाम नगरपालिका, आठौ नगरसभा (२०७७।९।२७) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका खानेपानी व्यवस्थापन ऐन, २०७७ – २०७७।९।२७
२. इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७७ – २०७७।९।२७

**इलाम नगरपालिका, नवौ नगरसभा (२०७८।३।९ – २०७८।३।१०) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका आर्थिक व्यवस्थापन ऐन २०७८ – २०७८।३।९
२. इलाम नगरपालिका, विनियोजन ऐन, २०७८ – २०७८।३।९
३. इलाम नगरपालिका, नगर प्रहरी व्यवस्थापन (दोस्रो संशोधन) ऐन, २०७८ – २०७८।३।१०
४. इलाम नगरपालिका कर्मचारी व्यवस्थापन (तेस्रो संशोधन) ऐन, २०७८ – २०७८।३।१०
५. इलाम नगरपालिका, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण (पहिलो संशोधन) ऐन, २०७८ – २०७८।३।१०

**इलाम नगरपालिका, विशेष नगरसभा (२०७८।७।५) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, खानेपानी व्यवस्थापन (पहिलो संशोधन) ऐन, २०७५ – २०७८।७।५
२. इलाम नगरपालिका, विनियोजन (पहिलो संशोधन) ऐन, २०७८ – २०७८।७।५

**इलाम नगरपालिका, दसौ नगरसभा (२०७८।१०।२७) बाट पारित ऐनको विवरण**

१. इलाम नगरपालिका, वन ऐन, २०७८ – २०७८।१०।२७
२. इलाम नगरपालिका, विनियोजन (दोस्रो संशोधन) ऐन, २०७८ – २०७८।१०।२७

**इलाम नगरपालिका, नगर कार्यपालिका बैठकबाट पारित नियमावली, कार्यविधि तथा निर्देशिकाको विवरण**

१. इलाम नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ – २०७४।४।५
२. इलाम नगरपालिका, नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ – २०७४।४।५
३. इलाम नगरपालिका, नगर कार्यपालिका (बैठक सञ्चालन) कार्यविधि, २०७४ – २०७४।४।५
४. इलाम नगरपालिका, प्रमाणीकरण नियमावली, २०७४ – २०७४।५।५
५. इलाम नगरपालिका, बस्ती विकास सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ मा संशोधन – २०७४।५।५
६. इलाम नगरपालिका, योजना तथा बजेट तर्जुमा नियमावली, २०७४ – २०७४।५।१९
७. इलाम नगरपालिका, नगर सभा सञ्चालन कार्यविधि, २०७४ – २०७४।५।१९
८. इलाम नगरपालिका, एफ.एम. रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ – २०७४।५।२६
९. इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ – २०७४।६।४
१०. इलाम नगरपालिका, यान्त्रिक उपकरण सञ्चालन कार्यविधि, २०७४ – २०७४।७।८
११. इलाम नगरपालिका, घर निर्माण तथा मर्मत कार्य गर्ने मजदुर कल्याण कोष सञ्चालन कार्यविधि, २०७४ – २०७४।७।८
१२. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ – २०७४।९।१६
१३. इलाम नगरपालिका, साहित्य, कला संगीत प्रतिष्ठान सञ्चालन निर्देशिका, २०७४ – २०७४।११।१०
१४.इलाम नगरपालिका, नगर खेलकुद प्रतिष्ठान सञ्चालन निर्देशिका, २०७४ – २०७४।११।१०
१५.इलाम नगरपालिका, नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ मा संशोधन– २०७४।११।१०
१६.इलाम नगरपालिका, नगर कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ मा संशोधन– २०७४।११।१०
१७. इलाम नगरपालिका मेलमिलाप कार्यविधि, २०७४ – २०७४।११।२५
१८. इलाम नगरपालिका, युवा परिषद सञ्चालन कार्यविधि, २०७४– २०७४।११।२५
१९. इलाम नगरपालिका, नगरस्तरीय दलित समन्वय समिति कार्यविधि, २०७४– २०७४।११।२५
२०. इलाम नगरपालिका, पर्यटन प्रवर्द्धन समिति निर्देशिका, २०७४– २०७४।११।२५
२१. इलाम नगरपालिका, स्थानीय राजपत्र प्रकाशनसम्बन्धी कार्यविधि, २०७४ – २०७४।१२।५
२२. इलाम नगरपालिकाका पदाधिकारीहरुको सुविधा सम्बन्धी नियमावली, २०७५, – २०७५।२।३१
२३. इलाम नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कायविधि, २०७५– २०७५।१।८
२४. इलाम नगरपालिका, "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५– २०७५।१।८
२५. इलाम नगरपालिकाको एकीकृत सम्पत्ति कर कार्यविधि, २०७५– २०७५।१।८
२६. इलाम नगरपालिका उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि २०७५– २०७५।१।१७
२७. इलाम नगरपालिका धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समिति गठन तथा सञ्चालन निर्देशिका, २०७५ – २०७५।२।३१
२८. इलाम नगरपालिका, गौतमबुद्ध सभागृह सञ्चालन निर्देशिका, २०७५ – २०७५।३।७
२९. इलाम नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि, २०७५ मा संशोधन– २०७५।५।५
३०. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा संशोधन – २०७५।५।५
३१. इलाम नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने कायविधि, २०७५ मा संशोधन – २०७५।५।५
३२. इलाम नगरपालिका, सामाजिक सुरक्षा कार्यविधि, २०७५ – २०७५।५।५
३३. इलाम नगरपालिका, स्वास्थ्य संस्था व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ मा संशोधन – २०७५।६।५
३४. इलाम नगरपालिका, बस्ती विकास सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ मा संशोधन – २०७५।७।७
३५. इलाम नगरपालिका, अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ – २०७५।१०।२३
३६. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा संशोधन – २०७५।११।५
३७. इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ – २०७५।११।५
३८. इलाम नगरपालिका, नगर आदिवासी जनजाति समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ – २०७५।११।५
३९. इलाम नगरपालिका, गरिबी निवारण तथा सामाजिक परिचालन कोष सञ्चालन कार्यविधि, २०७५ – २०७५।११।१७
४०. इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा तेस्रो संशोधन – २०७६।१।५
४१. इलाम नगरपालिका, स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७६ – २०७६।१।२७
४२. इलाम नगरपालिका इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा चौथो संशोधन – २०७६।४।५
४३. इलाम नगरपालिका संस्था दर्ता सम्बन्धी नियम, २०७६ – २०७६।६।२७
४४. इलाम नगरपालिका, उपप्रमुख महिला सीप विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ – २०७६।७।५
४५. इलाम नगरपालिका, नगरस्तरीय दलित समन्वय समिति कार्यविधि, २०७४ मा पहिलो संशोधन २०७६ – २०७६।७।५
४६. इलाम नगरपालिका, शिक्षा नियमावली २०७४ मा पाँचौ संशोधन – २०७६।८।१३
४७.इलाम नगरपालिका, मेलमिलाप कार्य सञ्चालन कार्यविधि, २०७४ मा पहिलो संशोधन २०७६ – २०७६।८।१३
४८. इलाम नगरपालिका इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ मा पाँचौ संशोधन २०७६ – २०७६।८।१३
४९. इलाम नगरपालिका, चाडपर्व तथा शोक बिदा व्यवस्थित गर्ने कार्यविधि, २०७६ – २०७६।८।२७

५०. इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्य विभाजन नियमावली (दोस्रो संशोधन), २०७६ – २०७६।१०।५
५१. इलाम नगरपालिका, संघसंस्था दर्ता सम्बन्धी नियमावली, २०७६ – २०७६।१०।५
५२. इलाम नगरपालिका, नगर कार्यपालिकाको कार्यसम्पादन नियमावली (दोस्रो संशोधन), २०७६ – २०७६।१०।५
५३. इलाम नगरपालिका, इन्डक्सन चुल्हो अनुदान वितरण कार्यविधि, २०७६ – २०७६।१०।५
५४. इलाम नगरपालिका, घर बहाल कर व्यवस्थापन, कार्यविधि, २०७६ – २०७६।१२।५
५५. इलाम नगरपालिका, व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६ – २०७६।१२।५
५६. इलाम नगरपालिका, नगर महिला समन्वय समिति सञ्चालन कार्यविधि, २०७५ (पहिलो संशोधन), – २०७६।१२।५
५७. इलाम नगरपालिका, पाटेनागी पर्यटकीय तथा विशेष क्षेत्र संरक्षण तथा सम्वर्द्धन समिति सञ्चालन निर्देशिका, २०७६ – २०७६।१२।५
५८. इलाम नगरपालिका, आकस्मिक कोष सञ्चालन कार्यविधि, २०७६ – २०७६।१२।१९
५९. इलाम नगरपालिका, इलाम अस्पतालमा विशेषज्ञ सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ – २०७७।४।५
६०. इलाम नगरपालिका, आयोजना उपभोक्ता समिति सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७७ – २०७७।५।१९
६१. इलाम नगरपालिका, सूचना तथा विज्ञापन प्रसारण कार्यविधि, २०७७ – २०७७।६।११
६२. इलाम नगरपालिका, संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ – २०७७।६।२३
६३. इलाम नगरपालिका, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन कार्यविधि, २०७७ – २०७७।६।२३
६४. इलाम नगरपालिका, खानेपानी सेवा शुल्क नियमावली, २०७७ – २०७७।१०।१६
६५. इलाम नगरपालिका, लैंगिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि २०७७ – २०७७।१०।१६
६६. इलाम नगरपालिका, करारमा कर्मचारी व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि २०७७ – २०७७।११।२३
६७. इलाम नगरपालिका, बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि, २०७७ – २०७७।१२।५
६८. इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ – २०७७।१२।१७
६९. इलाम नगरपालिका, इलाम आँखा अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ – २०७७।१२।२३
७०. इलाम नगरपालिका, सिटीमार्ट संरक्षण, सञ्चालन, व्यवस्थापन तथा सम्वर्द्धन कार्यविधि, २०७८ – २०७८।१।६
७१. इलाम नगरपालिका पाटेनागी पर्यटन प्रवर्द्धन समिति सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८ – २०७८।१।१७
७२. इलाम नगरपालिका, शिक्षा (छैटौ संशोधन) नियमावली, २०७८ – २०७८।१।१७
७३. इलामनगरपालिका, करारमा कर्मचारी व्यवस्थापनसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७८ – २०७८।२।२३
७४. इलाम नगरपालिका, इलाम आँखा अस्पताल सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७८ – २०७८।२।३०
७५. इलाम नगरपालिकाद्वारा सञ्चालित इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ – २०७८।२।३०
७६. इलाम नगरपालिका, इलाम नगरपालिका, इलाम नगरपालिकाको कार्यसञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७८ – २०७८।३।१५
७७. इलाम नगरपालिका शिक्षा (सातौ संशोधन) नियमावली, २०७८ – २०७८।४।२०
७८. इलाम नगरपालिका, नगर दलित समन्वय समिति सञ्चालन (दोस्रो संशोधन) कार्यविधि, २०७८ – २०७८।५।७
७९. इलाम नगरपालिका, गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यसम्बन्धी निर्देशिका, २०७८ – २०७८।६।५
८०. इलाम नगरपालिका, खानेपानी कर्मचारी व्यवस्थापनसम्बन्धी नियमावली, २०७८ – २०७८।८।५
८१. इलाम नगरपालिका, शिक्षा (आठौ संशोधन) नियमावली, २०७८ – २०७८।८।१५
८२. इलाम नगरपालिकाद्वारा संचालित इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७८–२०७८।८।२२
८३. इलाम नगरपालिकाद्वारा संचालित इलाम सामुदायिक कृषि क्याम्पस सञ्चालन तथा व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७८–२०७८।१०।२६
८४. इलाम नगरपालिका, स्वास्थ्य बीमा संयोजन समिति सञ्चालन कार्यविधि, २०७८–२०७८।११।५
८५. इलाम नगरपालिकाद्वारा सञ्चालित इलाम सामुदायिक आँखा अस्पताल सञ्चालन तथा व्यवस्थापन (तेस्रो संशोधन) कार्यविधि २०७८–२०७८।११।२४
८६. इलाम नगरपालिका, फोहोरमैला व्यवस्थापन तथा सरसफाइसम्बन्धी कार्यविधि, २०७८ – २०७८।११।२४
८७. इलाम नगरपालिका, विषयगत समिति (कार्यसञ्चालदन) कार्यविधि, २०७८ – २०७८।१२।२४
८८. इलाम नगरपालिका, सुरक्षित आप्रवासनसम्बन्धी कार्यविधि, २०७८ – २०७८।१२।२४

**इलाम नगरपालिका, नगर कार्यपालिका बैठकबाट पारित नीति/प्रतिवेदनको विवरण**

१. इलाम नगरपालिका, लगानी प्रोत्साहन नीति, २०७५ – २०७५।७।२० (कार्यपालिका)
२. इलाम नगरपालिका, घरेलु उद्योग प्रवर्द्धन नीति, २०७५ – २०७५।७।२० (कार्यपालिका)
३. इलाम नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७६ – २०७६।११।८ (छैटौ नगर सभा) / २०७८।३।१० को नवौ नगर सभाबाट थप दरबन्दी अनुमोदन (नगर सभा)

**इलाम नगरपालिका**

**आ.ब. २०७६।०७७ को यथार्थ र आब. ०७७।०७८ को अनुमानित बजेटको विवरण**

| सि.नं. | आय शीर्षक | आ.ब. ०७६।०७७ को यथार्थ | आ.ब. ०७७।०७८ को अनुमानित | आ.ब. ०७७।०७८ को यथार्थ | | आ.ब. ०७८।०७९ को प्रस्तावित |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **आय** | | | | | | |
| १ | आन्तरिक आय | १२,६९,३१,२३६।२९ | १५,१२,५०,०००।०० | | | १८,९०,६२,५००।०० |
| २ | राजश्व बाँडफाँड | १०,३२,०८,७७६।१० | १२,२७,७१,७१०।०० | | | १५,३४,६४,६३७।५० |
| ३ | वित्तीय हस्तान्तरण | ५६,१५,४९,०००।०० | ६८,९७,६०,२९०।०० | | | ९३,७२,००,३६२।५० |
| | जम्मा आय | ७९,१६,८९,०१२।३९ | ९६,३७,८२,०००।०० | | | १,२७,९७,२७,५००।०० |
| **व्यय** | | | | | | |
| १ | चालु | ४०,९०,७२,८४३।२० | ५९,५५,४९,०६९।८१ | | | ७१,४६,५८,८८३।७७ |
| २ | पूँजीगत | ३४,५८,९२,७१४।४९ | ४६,७९,२९,२९२।१९ | | | ६५,९९,११,६१५।२४ |
| ३ | जम्मा व्यय | ७५,४९,६५,५५७।६९ | १,०६,३४,७८,३६२।०० | | | १,३७,४५,७०,४९९।०१ |
| ४ | ऋण | २,३८,९६,३५०।६६ | ६,७४,२६,३५०।६६ | | | ५,००,००,०००।०० |

## इलाम नगरपालिकाको नवौ नगर सभाबाट स्वीकृत आ.ब. ०७८।०७९ को आय व्यय विवरण

**आय**

| विवरण | अनुमानित आय | प्रतिशत |
|---|---|---|
| **आन्तरिक श्रोत** | ३०,३५,३३,१६०.०० | □□.□□ % |
| *आन्तरिक राजश्व जम्मा* | १२,७५,००,०००.०० | |
| *मालपोत रजिश्ट्रेशन* | २,००,००,०००.०० | |
| *विभिन्न योजना तथा कार्यक्रममा उपभोत्ता लागत सहभागिता* | ४,००,३३,१६०.०० | |
| *सार्वजनिक निजि साझेदारी* | १,१०,००,०००.०० | |
| *गत वर्षको अ.ल्या.* | ५,००,००,०००.०० | |
| *नगरविकास कोष ऋण* | २,००,००,०००.०० | |
| *अन्य संस्था(करुणा फाउण्डेशन र सडक वोर्ड जिसस) बाट साझेदारी आय* | ५०,००,०००.०० | |
| *आन्तरिक ऋण* | ३,००,००,०००.०० | |
| **संघीय सरकार** | ७५,८०,००,०००.०० | ६२.४६% |
| *समानीकरण अनुदान* | १५,८८,००,०००.०० | |
| *सशर्त अनुदान* | ३९,६९,००,०००.०० | |
| *समपुरक अनुदान* | २,०८,००,०००.०० | |
| *विशेष अनुदान* | ४,१५,००,०००.०० | |
| *स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम* | - | |
| *सामाजिक सुरक्षा* | १४,००,००,०००.०० | |
| **प्रदेश सरकार** | ३,९९,९७,०००.०० | ३.३०% |
| *समानीकरण अनुदान* | ९२,९३,०००.०० | |
| *सशर्त अनुदान(निर्वाचन क्षेत्र कार्यक्रम समेत)* | २,०७,०४,०००.०० | |
| *समपुरक अनुदान* | १,००,००,०००.०० | |

| | | |
|---|---|---|
| *विशेष अनुदान* | - | |
| **राजश्व बाँडफाँड** | ११,१९,६९,८४०.०० | ९.२३% |
| *संघीय सरकार* | ९,९९,९३,०००.०० | |
| *प्रदेश सरकार* | १,१९,७६,८४०.०० | |
| **कूल आय** | १,२१,३५,००,०००.०० | १००.००% |

**व्यय**

| विवरण | अनुमानित व्यय | प्रतिशत |
|---|---|---|
| **राजश्व, ऋण तथा निसर्त अनुदान** | ५८,३५,९६,०००.०० | ४८.०९% |
| *कार्यालय सञ्चालन तथा प्रशासनिक* | १२,५०,००,०००.०० | १०.३०% |
| *आर्थिक विकास* | २,७१,५०,०००.०० | २.२३% |
| *सामाजिक विकास* | ३,९८,००,०००.०० | ३.२७% |
| *पूर्वाधार विकास* | ३३,८३,३३,१६०.०० | २७.८८% |
| *सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र* | ५,३३,१२,८४०.०० | ४.३९% |
| **सशर्त अनुदान** | ४८,९९,०४,०००.०० | ४०.३७% |
| *आर्थिक विकास* | ४,६८,००,०००.०० | ३.८५% |
| *सामाजिक विकास* | ३०,४७,००,०००.०० | २५.१०% |
| *पूर्वाधार विकास* | १२,१२,०४,०००.०० | ९.९८% |
| *सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र* | १,७२,००,०००.०० | १.४१% |
| | | |
| **सामाजिक सुरक्षा** | १४,००,००,०००.०० | ११.५३% |
| | | |
| **कूल व्यय** | १,२१,३५,००,०००.०० | १००.००% |

**इलाम नगरपालिका आ.ब. ०७७।०७८ सम्मको प्रगति विवरण (नवौ नगर सभाको नीति तथा कार्यक्रमबाट)**

- **संस्थागत विकास तर्फ :** नगरका १२ वटै वडामा वडा कार्यालय स्थापना तथा सञ्चालन भइ आवश्यक जनशक्तिको व्यवस्थापन गरिएको छ। हालसम्म ८ वटा नगरसभा र १ वटा विशेष नगरसभा सम्पन्न भई सकेको छ। यस अवधिमा आर्थिक वर्ष २०७७।०७८ अन्तरगतः **२०७७।४।१ देखि हाल सम्मको विवरण**

  नगर कार्यपालिका बैठक २५ पटक, राजश्व परामर्श समितिको बैठक ४ पटक, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक २ पटक, राजश्व परामर्श समितिको बैठक २, उद्यम विकास समितिको बैठक १ पटक, जलस्रोत समितिको बैठक, कोभिड १९ का लागि नगर कार्यपालिकाको अधिकार प्रत्यायोजन बमोजिम प्रमुखको अध्यक्षतामा एकल बैठक १५ पटक, अन्तरवार्ता तथा सूचीकरण समितिको बैठक २२ पटक, समीक्षा बैठक १ पटक, वडासचिव शाखा प्रमुख तथा स्टाफ बैठक १४ पटक बसेको छ ।

  इलाम नगरपालिकावाट हाल सम्म ११० वटा ऐन, नियमावली तथा कार्यविधि निर्माण भई कार्यान्वयनमा आइसकेको छ

इलाम नगरपालिकामा तपशिल बमोजिमका संसदीय समिति, विषयगत समिति तथा अन्य विभिन्न समितिहरु गठन भइसकेको छ।

- **विषयगत समितिहरु**

**(१) अर्थ तथा सार्वजनिक लेखा समिति** : श्री टेकबहादुर कटुवाल, श्री सोमनाथ राई, श्री टंकबहादुर खत्री, श्री धनमाया एक्तेन, श्री बसन्ती घतानी

**(२) विधायन समिति** :श्री दुर्गा श्रेष्ठ, श्री भानु घिमिरे, श्री कर्णबहादुर राई, श्री सुशीला विश्वकर्मा, श्री गोमा आचार्य

**(३) सामाजिक समिति** :श्री डाकप्रसाद दुलाल, श्री सीता मगराती, श्री धर्ममणि गौतम, श्री सीता बराल, श्री प्रमिला लिम्बु

**(४) सुशासन तथा स्थानीय सेवा समिति** :श्री गृष्म सुब्बा, श्री शेरबहादुर खड्का, श्री पवित्रा रसाइली, श्री केशव खत्री, श्री बिमला बराइली

**(५) कृषि पर्यटन पूर्वाधार तथा प्राकृतिक स्रोत समिति** : श्री संजीव राई, श्री शेरबहादुर राई, श्री कमला दाहाल, श्री बिष्णु सुब्बा, श्री सरिता दियाली

(६) **पूर्वाधार विकास समिति** संयोजक - कार्यपालिका सदस्य श्री श्यामकमल मुखिया
सदस्यहरू :-कार्यपालिका सदस्य श्री पृथसिंह सुनुवार, वडाध्यक्ष श्री होम ब. बस्नेत, कार्यपालिका सदस्य श्री इन्दिरा पौडेल

(७) **आर्थिक विकास समिति :-** संयोजक :-वडाध्यक्ष श्री नारद लम्साल
सदस्यहरू :- वडाध्यक्ष श्री रोम लुंगेली, वडाध्यक्ष श्री अम्बिका गौतम, कार्यपालिका सदस्य श्री चित्रमाया गुरुङ्ग,
वडासदस्य श्री संजीव राई

(८) **सार्वजनिक सेवा तथा क्षमता विकास समिति :-**संयोजक :-कार्यपालिका सदस्य श्री गीताराम वि.क.
सदस्यहरू :-वडाध्यक्ष श्री श्यामकृष्ण घिमिरे, वडाध्यक्ष श्री माधव भट्टराई, वडाध्यक्ष श्री तिर्थराज गुरुङ्ग,
कार्यपालिका सदस्य श्री सावित्री राई, वडा सदस्य श्री बिष्णु सुब्बा, वडासदस्य श्री गोमादेवी आचार्य,
वडासदस्य श्री बलिमाया घतानी

(९) **वातावरण तथा विपद् व्यवस्थापन समिति** :- संयोजक :- वडाध्यक्ष श्री नुतनदेव दुलाल
सदस्यहरू :-वडासदस्य श्री शेरबहादुर राई, वडासदस्य श्री धनबहादुर श्रेष्ठ, वडासदस्य श्री दुर्गा श्रेष्ठ (मदन),
वडासदस्य श्री डाकप्रसाद दुलाल, वडासदस्य श्री शेरबहादुर खड्का,वडासदस्य श्री सीता बराल,
वडासदस्य श्री कमला रनपहेली, वडासदस्य श्री धनमाया एक्तेन

(१०) **सामाजिक विकास समिति :-** संयोजक :- कार्यपालिका सदस्य श्री सीता रिजाल
सदस्यहरू :-वडाध्यक्ष श्री रबिन एक्तेन, वडाध्यक्ष श्री नरेश श्रेष्ठ, वडाध्यक्ष श्री नारदप्रसाद लम्साल
वडासदस्य श्री पवित्रा रसाइली, वडासदस्य श्री बसन्ती घतानी

इलाम नगरपालिका न्यायीक समितिले पूर्णता पाइ १० वटा वडामा वडास्तरीय मेलमिलाप समितिहरु गठन भएक छन् भने नगरका १२ वटै वडाका १११ जनालाई मेलमिलाप सम्बन्धि तालिम सम्पन्न गरि सकिएको छ ।

इलाम नगरपालिका संगठनात्मक संरचना (O&M) निर्माण गरि ५ वटा महाशाखा तथा २५१ जना कर्मचारी संख्या भएको दरबन्दि कायम गरिएको छ ।

- **पूर्वाधार तर्फ :**

**विगत ३ आ.व. मा निर्माण भएका मूख्य नयाँ सडकहरु**

- भञ्याङ्ग भाङ्गटार बेलासे सडक इ.न.पा.-९ र ११
- इन्टेक साङ्गरुम्बा सडक इ.न.पा.-९ र १२
- रत्न चौक साजबोटे इन्टेक सडक इ.न.पा.-९
- तिल्केनी बज्रदेवि सडक इ.न.पा.- ८
- मिलगोलाई विणापाणी सडक इ.न.पा.- ३ र १
- रिब्स सुम्बेक सडक इ.न.पा.- ५ र २
- साङ्गरुम्बा ढोले देवि सडक स्तारोन्ती इ.न.पा.- १२
- ओपिधारा दृपादेवि सडक कालोपत्रे इ.न.पा.-७ र ६
- इलाम बजार क्षेत्र बाटो कालोपत्रे मर्मत इ.न.पा.- ६, ७, ८ र ९
- नेपालटार वेतेनी सडक इ.न.पा.-१ र ३
- राजदुवाली करफोक खोला सडक इ.न.पा.- १०
- कोलडाडाँ भञ्याङ्ग सडक इ.न.पा.-९

**विगत ३ आ.व. मा निर्माण तथा मर्मत भएका पिच सडकहरु**

- जिरो कि.मी. रत्न चौकं हुदै इलाम चौंक बजारसम्म मर्मत
- रत्न चौक, म.र.ब. क्याम्पस हुदै नविन चौंक पिच

**विगत ३ आ.व. मा निर्माणभएका पिच सडकहरु**

- पिपलबोटे, चुरेघाटी सडक
- ओपिधारा, दृपादेवि सडक
- भ्यू टावर, आर्मी क्याम्प सडक

**निर्माणाधिन मूख्य सडकहरु :-**

- खगेन्द्र नाथ शर्मा मार्ग (लोकसेवा खरेलडाडाँ) सडक पिच इ.न.पा.-६
- रत्न समाधिस्थल सडक इ.न.पा.-९

- लावरको बोट भगवती मा. वि. सडक स्तरोन्ती इ.न.पा.-९
- काफ्लेधारा सिंहवाहिनी सडक इ.न.पा.-९
- सेती देवि मार्ग इ.न.पा.-६
- प्रतिमान डाँडा हेल्थ पोष्ट सडक स्तरोन्ती इ.न.पा.- २ ।

**निर्माण भएका पुल तथा कजवे**

- भाङ्गटार पुल (क) इ.न.पा.- ९ र ११ जोड्ने
- भाङ्गटार पुल (ख) इ.न.पा.-१ र ३ जोडने
- पुवाखोला अल्छेढुङ्गा कजवे इ.न.पा- ३ र ४

इलाम नगरपालिकाको प्रशासकिय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

इलाम नगरपालिका वडा नं. ७ मा रहेको इलाम सिटि मार्ट निर्माणको अन्तिम चरणमा पुगेको छ ।

इलाम नगरपालिका वडा नं. ७ मा मोटरसाइकल पार्किङ्ग भवन निर्माण कार्य सम्पन्न भई ठेक्का लाग्ने प्रकृयामा रहेको छ ।

इलाम बजार सब्जी हटिया निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

इलाम नगरपालिकाको वडा नं. ३, ४ र ११ मा वडाको प्रशासकिय भवनको निर्माण भइसकेको छ ।

इलाम नगरपालिका वडा नं. १ ,६ र १० को वडा प्रशासकिय भवन मर्मत कार्य सम्पन्न भएको छ ।

इलाम नगरपालिका वडा नं. ८ को वडा प्रशासकिय भवन निर्माणका लागि ठेक्का लागि सेकेको छ ।

इलाम नगरपालिका वडा नं. ४, ६, ८ र १० मा स्वास्थ्य भवनहरु निर्माणधिन अवस्थामा रहेको छ ।

इलाम नगरपालिकाको वडा नं. ७ को आदर्श मा.वि. र वडा नं. ११ को वालकन्या मा. वि.को भवन निर्माण सम्पन्न भइसकेको छ भने वडा नं. १ को नेपालटार मा.वि., वडा नं. ९ को भगवती मा. वि. र वडा नं. ३ को विणापाणी मा.वि. को भवन निर्माणाधिन अवस्थामा रहेको छ ।

**इलाम नगरपालिकाका विभन्न वडाहरुमा निर्माण सम्पन्न तथा निर्माणाधिन रहेका खेल मैदानहरुः**

इलाम नगरपालिका वडा नं. ९ मा १ खेलमैदान /वडा नं. २ मा १ खेल मैदान /वडा नं. ३ मा २ स्थानमा खेल मैदानसंगै नगरका अन्य वडा ६ नं. बाहेक सवै स्थानमा खेल मैदान निर्माण कार्य भएको छ भने वडा नं. ५ मा प्रदेश नं. १ कै ठूलो कवर्ड हल तथा चुम्लुङ्गहिम सामुदायिक भवन निर्माणाधिन अवस्थमा रहेको छ ।त्यस्तै गरि वडा नं. १० मा माइ भगवती गोदक रङ्गशालाको निर्माण कार्य भइरहेको छ ।

इलाम नगरपालिका वडा नं.३ वाघखोरमा निर्माण भएको कवर्ड हलमा आर्थिक सहयोग गरिएको छ ।

इलाम नगरपालिका वडा नं. ७ मा बास्केटवल कोर्टको निर्माण कार्य सम्पन्न गरिएको छ।

इ. न.पा ९ मा रहेको राहसल वाल अनाथालयको तला थपका लागि बजेट विनियोजन गरि कार्य अगाडी बढइएको छ।

साविक इलाम नगरपालिकामा सञ्चालित खानेपानीमा व्यापक सुधार र क्षमता बृद्दि गरि खानेपानी आपूर्ती सहज बनाइएको छ ।नगरमा खोपानी आपूर्ती सहजताका लागि साना सहरीसंगको साझेदारीमा साविक इलाम नगरपालिका क्षेत्रमा खानेपानी सुधार कार्यक्रम सुचारु रहेको छ भने इलाम नगरपालिका वडा नं. ११ मा यसै वर्षदेखि डिप बोरिङ्गबाट खानेपानी योजना सञ्चालन गर्ने कार्य अगाडी बढेको छ ।

इलाम नगरपालिकाको विकास निर्माणमा सहजताका लागि २ थान व्याक हु लोडर तथा ट्र्याक्टर ४ थान खरिद गरि कार्य गराई राखिएको छ ।

**कृषि क्षेत्र :-**

विगत आर्थिक वर्षसम्म इलाम नगरपालिकाका १० वटा वडामा कृषकहरुलाई गाई पालन अनुदान प्रदान गर्दै आइरहेकोमा यस आ.व. देखि नगरपालिकाको वडा नं.११ थप गरि ११ वटा वडामा गाई पालन अनुदानमा बृद्धि गरिएको छ जस अनुसार जम्मा १६६ जना किसानलाई गाई खरिदमा अनुदान उपलव्ध गराई सकिएको छ।

नगरका १२ वटै वडामा रहेका कृषकहरुलाई मिनिटिल्लर, ह्याण्ड स्प्रेयर, उन्नत खाद्यान्न तथा तरकारी वीउ वितरणका साथै नगरबाट उत्पादन भएको प्राङ्गारिक मल वितरण, वडा स्तरीय खाद्यान्न तथा तरकारी साथै फलफूल खेती तालिम, माटो सुधारका लागि सामाग्री तथा प्राविधिक सहयोग, सहकारी मार्फत तरकारी खेती विस्तार कार्यक्रममा सहयोग, सिंचाई सुविधाका लागि पाइप तथा प्लाष्टिक पोखरीमा अनुदान साथै नगरका १० वटा वडाका माटोको नमूना परिक्षण तथा भकारो सुधार कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

इलाम नगगरपालिकाको फोहोरबाट उत्पादन भएको कम्पोष्ट मलमा कृषकलाई ४०% अनुदानको व्यवस्था गरिएको छ ।

**पर्यटन क्षेत्र :-**

इलाम नगरपालिकाको पर्यटकिय क्षेत्रको विकासका लागि नगरका सवै वडामा रहेको पर्यटकिय (भालुढुङ्गा, रक क्ल्याइविङ्ग, दिदीबहिनी झरना, असले झरना, पाटेनागी, सेती देवि) क्षेत्रको पूर्वाधार निर्माणका लागि बाटो, पार्क, मूर्ती निर्माणका साथै उक्त स्थानको प्रचार प्रसार तथा प्रवर्धनका लागि अन्य सहयोग गरिदै आएको छ ।

नगर क्षेत्रमा रहेको विभिन्न धार्मिक क्षेत्रको संरक्षणका लागि व्यवस्थापन समितिको गठन गरि सांस्कृतिक तथा पुरातात्वीक क्षेत्रको संरक्षणका लागि लगानीका साथै उक्त स्थानहरुको जिर्णोद्धार समेत गरिएको ।

इलाम नगरपालिका वडा नं. ७ मा नेपाल सरकारको स्वामित्वमा रहेको पुरानो दरबार इलाम नगरपालिकाले भोगाधिकारमा लिइ उक्त स्थानमा अरनिको साँस्कृतिक संग्राहलयको रुपमा सञ्चालनमा ल्याइएको छ ।

**इलाम नगरपालिकाको शैक्षिक क्षेत्रमा भएका मुख्य उपलब्धिहरु :-**

इलाम नगरपालिका शिक्षा ऐन तथा नियमावलीको स्वीकृत गरिएको छ ।

इलाम नगरपालिका नगर शिक्षा समितिको गठन भएको छ ।

इलाम नगरपालिका क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको गठन भएको छ ।

इलाम नगरपालिका शिक्षक तथा कर्मचारी छनौट समितिको गठन गरी शैक्षिक जनशक्ति व्यवस्थापन गरि सकिएको छ।

नगर स्तरीय परिक्षा सञ्चालन तथा समन्वय समितिको गठन

इलाम नगरपालिका अन्तरगतका शिक्षक कर्मचारीको तलब सुविधा बैंकिङ्ग प्रणालीद्वारा वितरण

नगर क्षेत्रका सामुदायिक विद्यालयमा लेखापरिक्षकको छनौट तथा नियुक्ति गरि कार्य गराइएको

इलाम नगरपालिकाका संस्थागत विद्यालयको वर्गीकरण गिरएको छ ।

इलाम नगरपालिकाका सबै सामुदायिक विद्यालयहरुको सहभागिता हुने गरि आ.व. २०७५/७६ देखि खेलकुद, गायन तथा नृत्य जस्ता विधाहरु समेटी इलाम नगरपालिका प्रतिभा विकास कार्यक्रमको सञ्चालन गरिएको ।

इलाम नगरपालिकाका सबै विद्यालयका प्रधानाध्यपक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षा क्षेत्रका सरोकारवालाहरु सबैको उपस्थितिमा इलाममा पहिलो पटक मिति २०७५ साल भाद्र २३ गते शनिवारका दिन इलाममा शैक्षिक सम्मेलन सम्पन्न गरिएको छ।

विद्यालयको शैक्षिक कार्यक्रममा एकरुपता ल्याउनका लागि २०७६ सालबाट शैक्षिक पात्रो प्रकाशन गर्न थालिएको

इलाम नगरपालिकामा रहेका सामुदायिक विद्यालयको सम्पूर्ण पक्षको अवस्थाको अनुगमन गर्नका लागि विद्यालय अनुगमन संसदिय समितिको गठन गरी नगरका ५२ वटा विद्यालयको अनुगमन सम्पन्न गरि आएको प्रतिवेदन छैटौं नगरसभामा पेश गरि सकिएको छ ।

इलाम नगरपालिका क्षेत्रका विद्यालयमा लागू हुने गरि स्थानीय पाठ्यक्रम तयार गरिसकिएको छ ।

इलाम नगरपालिकाले महिला, युवा, दलित, आदिवासि जनजाती लगायतका क्षेत्रमा कार्यविधि निर्माण गरि समिति मार्फत सामाजिक क्षेत्रमा लगानी गरिएको छ ।

इलाम नगरपालिकाको प्रत्येक वडामा सामाजिक विकास तर्फ छुट्टै बजेटको व्यवस्थापन गरिनुका साथै यसका अलवा नगरमा क्रियाशिल विभिन्न संघ संस्थासँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिएको छ ।

इलाम नगरपालिकाको समृद्धिको मूख्य आधारहरु कृषि, स्वास्थ्य, शिक्षा तथा पर्यटनलाई प्रबर्धन गर्नका लागि इलाम नगरपालिकाले मिति २०७५ पौष २० गते शुक्रबार नेपालमा नै पहिलो पटक देशका ठूला उद्योगपतिहरुलाई इलाममा लगानी गर्न आकर्षण गर्नका लागि काठमाण्डौंमा माननीय झलनाथ खनाल तथा माननीय सुवासचन्द्र नेम्बाङ्ग ज्यूको आतिथ्यतामा लगानी सम्मेलनको आयोजना गरी बृहत रुपमा इलाम नगरपालिकामा सम्माननीय प्रधामन्त्री केपि शर्मा ओली ज्यूको प्रमुख आतिथ्यतामा लगानी सम्मेलनको आयोजना गरिएको छ । यसका साथै इलाम नगरपालिका सदरमुकाम स्थापनाको २०० औं वर्षको अवसरमा सम्माननीय उपराष्ट्रपती नन्द बहादुर पुन मगर ज्यूको प्रमुख आतिथ्यतामा भव्य रुपमा इलाम महोत्सवको आयोजना सम्पन्न गरिएको छ ।

इलाम जिल्लामा उत्पादन हुने किवि तथा चियाको प्रवर्धनका लागि इलाम नगरपालिकाको प्रमुख आयोजना तथा इलाम उद्योग वाणिजय संघसंगको सहकार्यमा धरान उपमहानगरपालिकामा चिया तथा किवि महोत्सवको सफल आयोजना सम्पन्न गरिएको छ ।

**स्वास्थ्य क्षेत्र :-**

इलाम नगरपालिका वडा नं. ५ मा आरुबोटे आधारभुत स्वास्थ्य सेवा उपकेन्द्र निर्माण पुरा गरी विगत ३ बर्ष देखि संचालनमा आएको छ ।

इलाम नगरपालिका वडा नं. १ मा साखेजुङ्ग आधारभुत स्वास्थ्य सेवा उपकेन्द्र निर्माण पुरा गरी विगत १ बर्ष देखि संचालनमा आएको छ ।

इलाम नगरपालिका वडा नं. ४, ६,८ र १० मा आधारभुत स्वास्थ्य सेवा केन्द्रको निर्माण कार्य भइरहेको छ ।

जेष्ठ नागरीक मिलनकेन्द्र इलाम नगरपालिकामा रहेको सम्पूर्ण स्वास्थ्य केन्द्रमा सञ्चालनमा रहेको साथै जेष्ठ नागरिक हेरचाह गर्नेलाई श्रवणकुमार पुरस्कारद्धारा सम्मान गरिदै आएको छ ।

दलित जेष्ठ नागरिकको बार्षिक स्वास्थ्य विमाको व्यवस्था गरिएको छ ।

महिला स्वास्थ्य स्वयम सेविकालाई मासिक रु १०००।- प्रोत्साहन भत्ता व्यवस्था साथै महिला स्वास्थ्य स्वयमसेविकालाई बार्षिक स्वास्थ्य बिमामा ५० % इलाम नगरपालिकाले वेहोर्ने व्यवस्था गरिएको छ ।

इलाम नगरपालिका क्षेत्रमा सुत्केरी सुविधा अन्तरगत रु.३०००।— र यातायात खर्च वापतको रु १०००।—गरि जम्मा रु ४०००।- व्यवस्था गरिएकोमा हाल एम्बुलेन्सको व्यवस्था मिलाई सुतकेरी महिलालाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ ।

अन्तराष्ट्रिय अपाङ्गता दिवस प्रत्येक बर्ष मनाइदै आएको र सो अवसरमा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायक सामाग्री समेत वितरण गर्ने गरिएको छ ।

इलाम नगरपालिकाका वडा नं. २, १० र ११ मा १ दिने निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको र यसरी सञ्चालन भएको शिविरबाट हरेक वडामा ७५० भन्दा बढि सेवाग्राहीले स्वास्थ्य सुविधा प्राप्त गरेका छन ।

इलाम नगरपालिका भित्रका वडामा रहेका कडा रोगीहरुलाई प्रति व्यक्ती रु १०,०००। आर्थिक सहयोगको व्यस्था गरिएको छ।

इलाम नगरपालिकाका स्वास्थ्य चौकीहरुमा मासिक रुपमा जेष्ठ नागरिक क्लिनिक सञ्चालन गर्ने गरिएको छ।

**वातावरण तथा सरसफाई :-**

**फोहोरमैला व्यवस्थापन**

वि.सं. २०७३ देखि सार्वजनिक निजी साझेदारीमा नगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन भइरहेको छ । कुहिने र नकुहिने फोहोर अलग अलग उठाउने गरिएको छ । इलाम नगरपालिका वडा नं. १० जौवारी देखि वडा नं.१ रक्से सम्मको मेची राजमार्ग क्षेत्रमा फोहोर संकलनको व्यवस्था गरिएको छ।

फोहोरमैला व्यवस्थापन ऐन तथा नियमावली विपरित कार्य गर्नेलाई दण्ड जरिवाना तोकिएको छ ।

इलाम नगरपालिका क्षेत्रमा २०७५ श्रावण १ गते देखि प्लाष्टिक ग्लासको विक्री वितरणमा प्रतिवन्ध गरिएको छ

इलाम नगरपालिका वडा नं. ९ स्थित खाल्डेमा फोहोरमैलाको अन्तिम विसर्जनका लागि ल्याण्डफिल साइट निर्माण भइरहेको छ ।

नगर क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि ४ वटा ट्याक्टर र १ वटा ट्रिपर परिचालन गरिएको छ । साथै २ वटा नयाँ ट्याक्टर खरिद भएको छ ।

विद्यालय स्तरीय वातावरण क्लब गठन भई विद्यालय सरसफाइ, स्वच्छता तथा वातावरण संरक्षणमा क्लब परिचालन गरिएको छ ।

इलाम नगरपालिका क्षेत्रमा ढल निर्माण कार्य योजना नेपाल सरकार र इलाम नगरपालिका वीच संझौता भइसकेको छ

**वन तथा वातावरणः**

इलाम नगरपालिका ३ स्थित पाटेनागी क्षेत्रको जैविक विविधता संरक्षणका लागि समिति गठन, स्थलगत निरिक्षण, सरोकारवालाहरुसँग अन्तरक्रिया गरी पाटेनागी क्षेत्रलाई संरक्षित क्षेत्रको रुपमा विकास गर्ने कार्य अघि बढेको छ ।

वातावरणमा जलवायु परिवर्तनको असर र प्रभाव न्यून गर्न स्थानीय स्तरमा जलवायु परिवर्तन अनुकूलन कार्यक्रम बनाउने निर्णय छैंटौं नगरसभाले पारित गरेको छ ।

मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्नका लागि सामुदायिक वन उपभोक्ता समूहहरुलाई स्थानीय जातको फलफूल र कन्दमूल १० प्रतिशत अनिवार्य लगाउने, प्रत्येक महिना कृषक चौतारी कार्यक्रम संचालनको व्यवस्था मिलाउन सामुदायिक वन उपभोक्ता समूहलाई अनुरोध गर्ने छैंटौं नगरसभाको निर्णय बमोजिम सबै सामुदायिक बन उपभोक्ता समूहहरुलाई पत्राचार गरिएको छ ।

**विपद व्यवस्थापनः**

विपद व्यवस्थापन ऐन २०७५ जारी भएको छ । विपद व्यवस्थापनको लागि आकस्मिक कोषको व्यवस्था गरिएको छ ।आगलागि नियन्त्रणका लागि १ वटा दमकल तथा आवश्यक जनशक्ति व्यवस्थापन गरिएको छ ।

नगरपालिका स्तरीय विपद व्यवस्थापन समिति र वडास्तरीय विपद व्यवस्थापन समिति गठन भएको छ ।

हालसालै फैलिएको कोभिड १९ को विश्वव्यापी महामारीको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि इलाम नगरपालिकाले २५० बेड संख्या सम्मको क्वारेन्टिन संचालनमा ल्याई १३४ जनालाई मापदण्ड अनुसारको समयसम्म बसाई सुरक्षित तवरले घर पठाईसकिएको छ भने हालसम्म २०९ जनाको RDT परिक्षण तथा १४४ जनाको PCR परिक्षण गरिएको छ ।

**अन्य मुख्य कार्यहरु :-**

इलाम नगरपालिका न्यायीक सिमितबाट नगरवासीले सहज र सरल रुपमा न्याय प्राप्त गर्ने व्यवस्था मिलाइएको छ।

नगर पाश्र्वचित्रको निर्माण सम्पन्न गरिएको छ ।

नगर यातायात गुरु योजनाको निर्माण सम्पन्न गरिएको छ ।

नगर भूउपयोग योजनाको निर्माण सम्पन्न गरिएको छ ।

इलाम नगरपालिकाका ५ वटा मूख्य सडकहरुको विस्तृत परियोजना प्रस्ताव (डिपिआर) सम्पन्न गरिसकिएको ।

इलाम नगरपालिका क्षेत्रमा सघन बसोबास तथा उपनगर निर्माण नीति स्वीकृत गरि स्थानहरुको पहिचान गरिएको छ।